आज मिति २०६३।६।२९ गतेका दिन यस जयपृथ्वी नगरपालिका कार्यालयका कार्यकारी अधिकृत श्री पुज्वल घिमिरे ज्यू को अध्यक्षतामा आ० व० ०६३।०६४ साल को सामाजिक परिचालन (बृहद्‌रूपमा) पारिएको उपस्थितिमा निम्न बमोजिमका निर्णय गरियो।

उपस्थिति

१) कार्यकारी अधिकृत श्री पुज्वल घिमिरे
२) नेपाली काग्रेस पार्टी प्रतिनिधि श्री मीन बहादुर खड्का
३) ने·क·पा एमाले पार्टी प्रतिनिधि श्री विष्णुराज जोशी
४) ने·क·पा· माओवादी केन्द्र पार्टी ,, श्री काले थिङ
५) रा·प्र·पा·नेपाल पार्टी ,, श्री जनक बहादुर भण्डारी
६) नयाँशक्ति पार्टी प्रतिनिधि श्री
७) ने·क·पा· माले पार्टी प्रतिनिधि श्री खिल्के खड्का
८) रा· प्र· पा· पार्टी प्रतिनिधि श्री लाल ब० खड्का
९) ने·क· पा० माओवादी पार्टी प्रतिनिधि श्री
१०) सद्भावना पार्टी प्रतिनिधि श्री गंगा ब० विष्ट
११) रा० जनमोर्चा पार्टी प्रतिनिधि श्री कुलि ब० थापा
१२) खस समावेशी पार्टी प्रतिनिधि श्री फन ब० खड्का
१३) अखण्ड सु·पा पार्टी प्रतिनिधि श्री रमेश ब० महर
१४) नेपाल कम्युनिष्ट पार्टी प्रतिनिधि श्री धन ब० चौहान
१५) प्रेम बहादुर सिंह स्वतन्त्रता कार्यालय
१६ सस्तुती चौधरी म· न·पा· बो·बा· कार्यालय
१७ उ·उ·बि·श्री· प्रकाश ·· कुमार राय जोशी
१८ वडा नागरिक मञ्च संयोजक ·· कमल शाही
१९ नविन बहादुर खड्का न·नि·पा·का
२० हरिश कुमार बम जं·न·पा·-२
२१ बसन्ता देवी जोशी व·न·म संयोजक ने·नं·१२
२२· विना के·सी व·न·म·सदस्य ने·नं·५,४
२३· कुबेर मल्ल धामी ,, ,, ,, ,, ,,
२४ लक्ष्मीकान्त जोशी ,,, संयोजक ,, ६
२५· भक्त बहादुर खड्का ,, ,, ,, ५
२६- पन्च सिंह
२७- मदन ब· खड्का ज·नि·पा·का·
२८ [illegible]

| | | | |
|---|---|---|---|
| २९ | केवराज जोशी | अ.नं.पा.को. कोषाध्यक्ष | [signature] |
| ३० | लक्ष्मिरुण कोइराला | ,, सा.प. | |
| ३१ | सावित्री कु सिंह | ,, सा.प | [signature] |
| ३२ | छाया देवि खड्का सिंह | ,, राजश्व सहायक | [signature] |
| ३३ | पुतली कु खड्का | ,, सा.प. | [signature] |
| ३४ | श्री एर्रा बहादुर खड्का | अ.न.पा.का. लेखापाल | [signature] |
| ३५ | ,, कलक बहादुर खड्का | ,, ,, कर्मचारी | [signature] |
| ३६ | श्री गणेश बहादुर शाही | स्वस्थ्य समसेवी वा.१० | [signature] |
| ३७ | श्री नरेन्द्र बहादुर सिंह | ब ना म संयोजक अ.न.पा.१३ | [signature] |
| ३८ | बिरेन्द्र व खड्का | सामाजिक परिचालक | [signature] |
| ३९ | गोकुल व. सिंह | अ.न.पा. - १३ | [signature] |
| ४० | गोविन्द ब० सिंह | प्रतिनिधि | [signature] |
| ४१ | भरत बहादुर सिंह | शिक्षक | [signature] |
| ४२ | बिर बहादुर बोहरा | ब ना म सदस्य अ.न.पा.१ | [signature] |
| ४३ | कर्ण बहादुर सिंह | अ.न.पा.का. रवाईदार | [signature] |
| ४४ | पुष्पा कुमारी सिंह | अ.न.पा.११ | [signature] |
| ४५ | धनन्जय जोशी | | |
| ४६ | जयनारायण कोइराला | अ.न.पा.का. को से | [signature] |
| ४७ | गोबिन्द दमाई | अ.न.पा. - १३ | गोबिन्द |
| ४८ | किशोर खड्का | अ.न.पा. - ८ | [signature] |
| ४९ | राजेन्द्र खड्का | अ.न.पा. - ८ | Raj [signature] |
| ५० | धनन्जय जोशी | अ.न.पा.का | [signature] |
| ५१ | ज्ञान ब० सिंह | अ.न.पा.का. | [signature] |
| ५२ | प्रकाशराज जोशी | | [signature] |
| ५३ | जयनारायण कोइराला | | [signature] |
| ५४ | चन्द्र ब० सिंह | अ.नं.प्रा.का. | [signature] |
| ५५ | कर्ण बहादुर स्वामी | जि.वन कार्यालय | [signature] |
| ५६ | कृष्ण ब० खड्का | | Krishna |
| ५७ | कमलराज जोशी | | [signature] |

निर्णय नं. - ९ माथिछलफल गर्दा यस जयपृथ्वी नगरपालिका कार्यालयले आ.व.
०७२/०७३ सालमा गरेको को सामाजिक परिक्षण मिति २०७३/७/२९ गरेको दिन जयपृथ्वी
नगरपालिकाको सभाहलमा तेस्रो पक्ष विरेन्द्र बहादुर खड्का को सहभी करण
बाट कार्यालय ले सम्पादन गरेको काम, प्रदान गरेको सेवाहरू, पारदर्शिता
उत्तरदायित्व, आफ्नो जवाफ देहिता लगायतका विषयमा पेश भएका वक्ता र
जयपृथ्वी नगरपालिका कार्यालय बिच यहत छलफल गरेको निर्णय सर्वसम्मत
बाट पारित गरियो ।

# जयपृथ्वी नगरपालिका बझाङ आर्थिक वर्ष २०७२/०७३ सालको सामाजिक परीक्षण प्रतिबेदन

**प्रतिवेदन पेश**

जयपृथ्वी नगरपालिका बझाङ
चैनपुर, बझाङ

**तयार गर्ने**

बिरेन्द्र बहादुर खडका
सामाजिक परिक्षक

**विषय प्रवेश :**

नेपाल सरकारले जारी गरेको स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ को नियम २०१ मा स्थानीय निकायको एक आर्थिक वर्षको समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्ने व्यवस्था गरिएको छ । यसैगरी, **स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि-२०६९** को परिच्छेद ९ मा सुशासनसम्बन्धि व्यवस्था गरिएको छ । उक्त परिच्छेदमा रहेको दफा ४९ को उपदफा ८ र दफा ५० को उपदफा ६ मा सामाजिक परीक्षण कार्यक्रमबारे उल्लेख गरिएको छ । सामाजिक परीक्षण कार्यक्रम सञ्चालन सम्बन्धि *स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७* जारी भई कार्यान्वयनमा समेत आइसकेको छ ।
जयपृथ्वी नगरपालिका बझाङ्ग आर्थिक वर्ष २०७२/७३ मा सम्पादन गरिएका कार्यहरु र प्रवाह गरिएका सेवाहरुबाट प्राप्त भएका सामाजिक-आर्थिक उपलब्धि र नीति तथा कार्यक्रम र आयोजनाले परेको आर्थिक, सामजिक र बाताबरणीय प्रभाव तथा समीक्षा एवं लेखाजोखा गर्नका सामाजिक परीक्षण कार्यक्रम गर्नेबारे जयपृथ्वी नगरपालिका बझाङ्ग र बिरेन्द्र खडका बीच भएको सम्झौताअनुसार कार्य सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ ।

**सामाजिक परीक्षणको उद्देश्य**

- जयपृथ्वी नगरपालिका बझाङ बाट भएका कामहरुको सामाजिक उपलब्धिको बिष्लेषण गर्न ।
- जयपृथ्वी नगरपालिका का नीति तथा कार्यक्रमहरुले बालबालिका महिला दलित,जनजाति गरिब, जेष्ठ नागरिक तथा पछाडी पारेको समुदायमा पारेको प्रभावको लेखाजोखा गर्न ।
- जयपृथ्वी नगरपालिकाबाट संचालित योजनाहरुले सामाजिक , आर्थिक र बाताबरणीय क्षेत्रमा पारेको प्रभावको बिष्लेषण गर्न ।
- जयपृथ्वी नगरपालिका लाई सरोकारबाला निकायबाट सुझाव तथा पृष्ठपोषण प्राप्त गर्न ।
- जयपृथ्वी नगरपालिकाले दिएको सेवाको गुणस्तर, दस्तुर सेबादिन लगाएको समय र कार्यसम्पादनको स्तरको जानकारी पत्ता लगाउन ।

**अध्ययन विधि**

सामाजिक परिक्षणलाई प्रभाबकारी बनाउन र सूचना संकलन गर्न जयपृथ्वी नगरपालिका बिषयगत कार्यालय, प्राबिधिक उपभोक्ता समिति र आम नागरिक संग छलफल ,अन्तरर्वाता, प्रश्नावली समूह छलफल गरि सूचना संकलन गरिएको थियो । सूचनाको स्रोत प्राथमिक तथा सेकेन्डरी सूचनालाई आधार मानि सूचना संकलन गरिएको थियो ।

**अध्ययनको सीमा**

सामाजिक परिक्षणलाई बिसेस गरेर जयपृथ्वी नगरपालिका बझा[a] लाई समेटिएकोछ यसका साथै केही बिषयगत कार्यालयलाई सिमितिता गरिएको छ जयपृथ्वी नगरपालिकाका कर्मचारीहरु ,उपभोक्ता समिति र केही सेवाग्राही तथा नागरिकहरुमा सिमिति गरिएको छ ।

**बृहत् छलफल कार्यक्रमको विवरण**

क) मिति : २०७३ साल कार्तिक गते ख) स्थान नगरपालिका हल ग) समय : ११ बजे देखी ३ बजे सम्म

जयपृथ्वी नगरपालिका कार्यालयको विवरण संलग्न ( अनुसूची २ र ३ )

**जयपृथ्वी नगरपालिका प्राथमिकता तथा लक्ष्यहरु**

- जयपृथ्वी नगरपालिकाले प्रबाह गर्ने सेवा जबाफदेही,सुशाशित, बातवरण मैत्री, महिला मैत्री,दलित मैत्रि, अपांङ मैत्रि हुने ।
- जिल्लामा स्थित बिषयगत कार्यालय तथा गैरसरकारी संस्था संग समन्वय गरेर संयुक्त लगानी गरी दिगो बिकास गर्ने ।
- नगर क्षेत्र भित्रका नदी, खोला र बगरहरुमा रहेका ढुंगा,बालुवाको संरक्षण गरी उचित प्रयोग गर्ने ।
- नगरपालिका १५वटै वडामा सडक बिस्तार गर्ने र यातायात सुबिधा प्रदान गर्ने ।
- नगरपालिबाट संचालित क्रियाकलापको नगरका बिभिन्न स्थानमा होडि[a]बोर्ड राख्ने ।
- सेती नदी तथा खोला किनारमा बिभिन्न निकायसंग समन्वय गरी तटबन्धन गरी संरक्षण गर्ने ।
- पुराना घरहरुलाई भुकम्पबाट जोगाउन retrofitting योजना संचालन गर्ने नयाँ घरहरु निर्माण गर्दा भुकम्प प्रतिरोधात्मक घर बनाउने ,
- घरबाहाल कर असुलि गर्ने ।
- सडकको आसपासमा सौयउर्जाको माध्यामबाट सडक बत्ति संचालनमा ल्याउने ।
- नगर क्षेत्रमा सफामासु आपुर्ति गर्न उपयुक्त स्थानमा निजि तथा सार्बजनिक बधशाला संचालन गर्ने ।

**गत बर्षका मुख्य उपलब्धि**

- नगर स्तरीय सडक गुरु योजना तयार भएको ।
- दमकलको प्रयोगले आगलालिबाट हुने क्षति न्यूनिकरण भएको ।
- सदरमुकाम क्षेत्रमा फोहरलाई ब्यबस्थित गर्न कन्टेनरको प्रयोगले सरसफाईमा सुधार भएको ।
- सहभागितामुलक योजना तर्जुमा प्रक्रियाका १४ चरण पुरा गरी निर्धारित समयमा जिल्ला परिषद सम्पन्न गरेको ।
- नगरपालिकाबाट बिनियोजन गरेको बजेट तथा योजनाहरु १५ वडा केन्द्रित भएका
- जयपृथ्वी नगरपालिकाबाट संचालित भौतिक पूर्वाधारका योजनाहरुको सार्वजनिक परिक्षण गरी अन्तिम किस्ताको रकम भुक्तानि गर्ने गरेको ।
- आ.ब.२०७२।०७३ मा ३ पटक सार्बजनिक सुनुवाई समयमा सम्पन्न गरेको ।
- बार्षिक समिक्षा सम्पन्न भएको ।
- नागरिक वडापत्रको व्यवस्था गरिएको र अध्यावधिक भएको ।
- लक्षित वर्गमा बजेट विनियोजन गरी कार्यान्वयन गरिएको
- कार्यक्रमको दोहोरोपन हटाउन सरोकारवालाबीच समन्वय गरिएको ।
- उपभोक्ता समितिमा महिला, जनजाती, आदिवासी, अपांग र पिछडिएको वर्गको सहभागिता गराइएको
- नगर सरसफाई योजना २०७१ तयार गरी लागू भइरहेको ।

- सबै योजना र कार्यक्रमहरुमा योजना किताबको व्यवस्था गरी प्रकाशन गरिएको
- नगर बिकास योजना तयार गरेको ।
- नगर खुला दिशामुक्त घोषणा भएको ।
- सुशासन, पारदर्शीता र जवाफदेहिताका औजारहरु प्रयोगमा ल्याइएका ।
- सुचना अधिकारीको व्यवस्था गरिएको
- संचालित योजनाहरुको संयुक्त अनुगमन गर्ने गरेको
- जवाफदेहिताका औजारहरु प्रयोगमा ल्याइएका
- बार्षिक लेखा परिक्षण गर्ने गरेको ।
- गुनासो सुन्ने अधिकारीको व्यबस्था गरी गुनासो पेटिका राखेको
- नगरपालिका पुर्ण खोपमुक्त धोषण भएर बालमुत्यु दरमा कमी आएको छ ।

**साामाजिक जिम्मेबारी बहन गर्ने क्षमता**

| **सामाजिक जिम्मेबारीको क्षेत्र** | **गतबर्षको अबस्था** | **प्रयास** | **उपलब्धि** |
|---|---|---|---|
| **खानेपानी तथा सरसफाई** | | | |
| शौचालयको अबस्था | खुलामंचमा सार्बजनिक साचालय निमार्ण गरिएको बसपार्कमा अस्थाई सौचालय निर्माण गरेको | बजार क्षेत्रमा २ स्थानमा शौचालय बनाउने | नगर क्षेत्र खुला दिशामुक्त घोषणा गर्ने सफल भएको र सेती नदी र बउली खोलाको किनारमा दिशा पिसाबमा कमी आएको |
| खानेपानीको सुबिधा | ९० प्रतिशत | गैसस र जिल्ला खाने पानी तथा सरसफाई कार्यलय संग समन्वय गरेर सत प्रतिशत पुगाउने | |
| | | | |
| **बालबालिका महिला तथा समाबेशी क्षेत्र** | | | |
| बालक्लबको गठनको अबस्था | ३६ बाल क्लव गठन भएका | नगर क्षेत्रमा बाल क्लवहरुले बाल बिबाह रोक्न पहल गरेका बाल क्लबहरु लाई तालिम प्रदान गरेको | बाल क्लव गठन हुनु |
| किशोरी समूह | ८ वटा | बाल बिबाह न्यूनिकरण को प्रयास प्रजनन | |

| | | | |
|---|---|---|---|
| | | स्वास्थ्यको जानकारी , छउपडि प्रथा न्यूनिकरण | |
| | | | |
| बालक्लबका सदस्यहरुको सहभागिता | सहभागिता मुलक योजना तर्जुमा प्रक्रियामा बाल क्लबलाई सहभागित गराएको | सवै कार्यक्रमा बाल क्लबका सदस्यहरुलाई सहभागि गराएको | बाल क्लबका पदाधिकारीहरुको क्षमताको बिकास भएको |
| सामाजिक बिकृति तथा बिसंगति | नगर क्षेत्रमा जातिय छुवाछुतमा सुधार आएको ,छाउपडि प्रथामा न्यूनिकरण भएको | सहभोजका कार्यक्रमहरु आयोजना भएका सचेतनामुलक कार्यक्रम संचालन गरेको | |
| बाल श्रमको अवस्था | केही होटलमा बाल बालिका लाई काममा लगाएको | तालिम , सडक नाटक तथा स्थानीय एफ.एम.बाट जिंगलहरु प्रसारण गरिएको | |
| बाल बिबाहको अबस्था | बालबिबाहको मुद्धा दर्त्ता नभएको तर समाजमा बालबिबाह बिद्यमान रहेको | सचेतनामुलक कार्यक्रम संचालन गरेको तालिम,सडकनाटक जिंगलहरु आदि किशोर किशोरीहरुलाई परिचालन गरेको | सचेतनको बिकास भएको |
| सामाजिक सुरक्षा भत्ता | सामाजिक सुरक्षा भत्ता बितरण भइरहेको बैंकि[a] सेवा मार्फत सेवा प्रबाह भएको | | जेष्ठ नागरिक एकल महिला बालबालिकाको जीवन स्तरमा सुधार आएको |
| महिलाको सहभागिता | ऐन नियम तथा कार्यबधिमा ब्यबस्था भए बमोजिम सहभागिता गराउने गरेको | | महिलाका हक अधिकारको जानकारी भएको महिलाहरुको सशक्तिकरण भएको |
| महिला हिंशा | घरेलु हिंसा अत्याधिक हुने गरेको | मुद्धा दर्त्ता तथा मेलमिलाप हुने गरेको | हिंसा पिडित महिलाहरु कानुनी उपचारका लागि सचेत भएका छन |

| | | | |
|---|---|---|---|
| दलित , आदिबासी,जनजाती पछाडि परेका समुदायको सहभागिता | ऐन नियम तथा कार्यबधिमा ब्यबस्था भए बमोजिम सहभागिता गराउने गरेको | सार्बजनिक कार्यक्रममा सहभागि गराएको | दलित , आदिबासी,जनजाती आयोजनाहरु समाबेश भएका |
| **जनचेतना तथा गरीबी निबारण** | | | |
| बिकासमा समान सहभागिता | बिकासमा सरोकारबालहरुलाइ सहभागिता गराउने गरेको | गोष्ठि , अन्तरक्रिय ,कार्यशाल संचालन गरेको | आदिबासि, जनजाती दलित जेष्ठ नागरिक एकल महिलाले सहभागिता हुने अबसर पाएको |
| सामाजिक परिचालन | नपा र वडामा सामाािजक परिचालनका माध्यामबाट गरिबी निबारण गर्ने गरेको | एलजिसिडिपी कार्यक्रम मार्फत सामाजिक परिचालन हुने गरेको | नगरपालिका नागरिकहरु अधिकारको बारेमा सचेत भएका |
| नगर परिषदमा सहभागिताको अबस्था | कार्यबिधि अनुरुप सहभागिता गराएको | बिभिन्न तालिम र अभिमुखिकरण संचालन गरेको | १४ चरण पुरा भएको |
| लक्षित बर्गको बजेट बिनियोजन | कम्तिमा १०,१० र १५ प्रतिश बजेट बिनियोजन गरेको | | महिला बालबालिका तथा पछाडि परेका जातजाती लक्षित योजना तयार भएका |
| सामजिक सुरक्षा भत्ता समयमा बितरणको अबस्था | पहिला चौमासिकमा समयमा सामाजिक सुरक्षा भत्ता पाएको | MIS System लाई ब्यबस्थित गराएको | |
| अनुगमनको अबस्था | नगरपालिका संचालिन योजनाहरुको अन्तिममा एक पटक संयुक्त अनुगमन गर्ने गरेको | | प्राबिधिकले निरन्तर अनुगमन गर्ने गरेको |
| सार्बजनिक सुनुवाई | ३ पटक संचालन गरेको तर CRC / Exit pool नभरेको | कार्यबिधि अनुरुप संचालन गर्ने | सेवाग्राही र सरोकारबालहरुले सबाल जबाफ गर्ने अबसर पाएको |
| सामाजिक परिक्षण | नगरेको | | |
| सार्बजनिक परिक्षण | सम्पुर्ण भौतिक पूर्वाधारका योजनाहरुको | कार्यबिधि अनुरुप संचालन गर्ने | उपभोक्ता समिति जिम्मेबार भएका |

| | | | |
|---|---|---|---|
| | सार्बजनिक परिक्षण गरेका तर कार्यबिधि अनुरुप नभएको | | |
| बाताबरणीय पक्ष | सडक निर्माण गर्दा वाताबरणिय पक्ष लाई ध्यान कम दिएको | | |
| उपभोक्ता समिति गठन | राजनीतिक दलका सक्रिय कार्यकर्ता उपभोक्ता समितिमा जिम्मेबारी लिने गरेको र राजनीतिक दलको प्रभाव रहेने गरेको | | |

आ.व.२०७२/०७३ मा विभिन्न शिर्षकगत अनुदान/आम्दानी रकम रु. हजारमा

| क्र सं | विवरण | प्राप्त अनुदान | खर्च रकम | भौतिक प्रगति | वितिय प्रगति | फ्रिज/फिर्ता |
|---|---|---|---|---|---|---|
| १ | चालु अनुदान | ४१०० | ४१०० | १०० | १०० | |
| २ | पूजिगत अनुदान | १७४६३ | १६९४७ | ९९.९९ | ९७.०५ | ५१६ |
| ३ | स्थानीय विकास शुल्क कोष | ८७४३ | ८७४३ | १०० | १०० | |
| ४ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | ३०६९ | ३०६९ | १०० | १०० | |
| ५ | सामाजिक सुरक्षा भत्ता | १६३०१ | १६१९९ | १०० | ९९.३७ | १०२ |
| ६ | सडक वोर्ड नेपाल | ६४३ | ९१८ | १०० | १०० | (२७५) |
| ७ | वालमैत्री स्थानीय शासन | ५९९ | ३८१ | | ६३.६१ | २१८ |
| ८ | जिविस (निर्वाचन | १४८३ | १४८३ | १०० | १०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | क्षेत्र विकास कोष/राजश्व वांडफाड) | | | | | |
| ९ | जिविस-सामुदायिक मेलमिलाप, झो पु | ९२ | | जिम्मेवारी सारिएको | | |
| १० | स्थानीय शान्ति समिति | ३६.५ | ३६.५ | १०० | १०० | |
| | जम्मा | ५२५२९२ | ५२१३६५ | | | |

आन्तरिक स्रोत तर्फ

| **क्र सं** | **विवरण** | **राजश्व आम्दानी** | **कूल आम्दानी** | **कूल खर्च** | **भौतिक प्रगति** | **वित्तिय प्रगति** |
|---|---|---|---|---|---|---|
| १ | राजश्व आम्दानी | ३८९७ | ५५१२ | ५२४२ | ८५.७१ | ९५.१० |
| २ | गत आ व को जिम्मेवारी | १६१५ | | | | |

## योजनागत विस्तृत प्रगति विवरण

| क्र सं | कार्यक्रम को नाम | योजना संख्या | सम्मन्न संख्या | विनियोजन रकम | खर्च रकम | भौतिक प्रगति | वित्तिय प्रगति |
|---|---|---|---|---|---|---|---|
| क | भौतिक पूर्वाधार कार्यक्रम | १४ | १४ | ८२७१ | ८२७१ | १०० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | वडागत सडक | १० | १० | ६६०० | ६६०० | १०० | १०० |
| २ | खा पा मर्मत | २ | २ | १००० | १००० | १०० | १०० |
| ३ | फोहोर व्यवस्थापन तथा स्वास्थ्य कार्यक्रम | २ | २ | ६७१ | ६७१ | १०० | १०० |
| ख | प्रवर्द्धनात्मक कार्यक्रम | ४३ | ४० | ५५१५ | ५५१५ | १०० | १०० |
| १ | खा पा मर्मत | १५ | १५ | १८२८ | १८२८ | १०० | १०० |
| २ | विद्युत विस्तार योजना | ५ | ५ | ८५० | ६७५ | १०० | |

| **क्र सं** | **कार्यक्रम को नाम** | **योजना संख्या** | **सम्मन्न संख्या** | **विनियोजन रकम** | **खर्च रकम** | **भौतिक प्रगति** | **वित्तिय प्रगति** |
|---|---|---|---|---|---|---|---|
| ३ | वाटो मर्मत योजना | ४ | ४ | ६९० | ६९० | १०० | १०० |
| ४ | सिचाइ | ३ | ३ | ६१० | ६१० | १०० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कुलो मर्मत | | | | | | |
| ५ | विद्यालय घेरवार | ४ | ४ | ४४० | ४४० | १०० | १०० |
| ६ | विभिन्न संस्थागत विकास सहयोग कार्यक्रम | ११ | ८ | ८३२ | ११७२ | १०० | १०० |
| ग | लक्षित वर्ग विकास कार्यक्रम (महिला) | २४ | २२ | २१२१ | १८६५ | | |
| १ | महिला सामुदायीक भवन | १० | ८ | ९७० | ७१४ | ८० | ७३.६१ |
| २ | होजियारी तालिम | ३ | ३ | १७६ | १७६ | १०० | १०० |
| ३ | रकेट चुलो वितरण | २ | २ | १७६ | १७६ | १०० | १०० |
| ४ | महिला स्वास्थ्य कार्यक्रम | ४ | ४ | ४४४ | ४४४ | १०० | १०० |
| ५ | महिला हिंसा चेतना | ३ | ३ | २३५ | २३५ | १०० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अभियान | | | | | | |
| ६ | महिला आय आर्जन कार्यक्रम | २ | २ | १२० | १२० | १०० | १०० |

बालबालिका लक्षित कार्यक्रम

| क्र सं | कार्यक्रमको नाम | योजना संख्या | सम्मन्न संख्या | विनियोजन रकम | खर्च रकम | भौतिक प्रगति | वित्तिय प्रगति |
|---|---|---|---|---|---|---|---|
| | बालबालिका लक्षित कार्यक्रम | १८ | १८ | २१२१ | २१२१ | १००% | १००% |
| १ | खेलकुद मैदान निर्माण | ६ | ६ | ७८९ | ७८९ | १००% | १००% |
| २ | बालबालिकाको शैक्षिक,खेल कुद सामाग्री वितरण | ७ | ७ | ८०८ | ८०८ | १००% | १००% |
| ३ | युवा तथा विपन्न असाय बालबालिका | २ | २ | ३०८ | ३०८ | १००% | १००% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लाई खेलकुद सहयेग | | | | | | |
| ४ | पुस्तकालय , सहकारी, नर्सरी सहयोग | ३ | ३ | २१६ | २१६ | १००% | १००% |

| क्र सं | कार्यक्रमको नाम | योजना संख्या | सम्मन्न संख्या | विनियोजन रकम | रकम | भौतिक प्रगति | वित्तिय प्रगति |
|---|---|---|---|---|---|---|---|
| | अन्य विपन्न वर्ग | ३९ | ३८ | ३१८१ | ३१८१ | | |
| १ | आफर मर्मत योजना | ४ | ४ | २७० | २७० | १००% | १००% |
| २ | दलित व्यवसाय सहयोग कार्यक्रम | ५ | ५ | ५५० | ५५० | १००% | १००% |
| ३ | दलित बस्तीमा खानेपानी मर्मत | ९ | ९ | ४६० | ४६० | १००% | १००% |
| ४ | दलित, विपन्न वर्गका मन्दिर मर्मत | ४ | ४ | २६५ | २६५ | १००% | १००% |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | कुलो मर्मत तथा तटबन्धन | ७ | ७ | ५४० | ५४० | १००% | १००% |
| ६ | बाटो मर्मत | ५ | ५ | ४०० | ४०० | १००% | १००% |
| ७ | सामुदायिक/ विध्यालय भवन निर्माण व्यवस्थापन | ५ | ५ | ५९६ | ५९६ | १००% | १००% |

समपूरक कोष

| क्र सं | कार्यक्रमको नाम | योजना संख्या | सम्मन्न संख्या | विनियोजन रकम | खर्च रकम | भौतिक प्रगति | वित्तिय प्रगति |
|---|---|---|---|---|---|---|---|
| १ | सिचाई कुलो मर्मत | १ | १ | | २०० | | |
| २ | काठेपुल निर्माण | २ | २ | | ५६ | | |
| ३ | सार्वजनिक चर्पी निर्माण | १ | १ | | ४६० | | |
| ४ | सडक/बाटो निर्माण | २ | २ | | ७८५ | | |
| ५ | नगर पुस्कालय स्थापना | १ | १ | | ८६ | | |
| | जम्मा | | | | १५८७ | | |

आन्तरिक स्रोत तर्फ

| **क्र सं** | **कार्यक्रमको नाम** | **योजना संख्या** | **सम्मन्न संख्या** | **विनियोजन रकम** | **खर्च रकम** | **भौतिक प्रगति** | **वित्तिय प्रगति** |
|---|---|---|---|---|---|---|---|
| क | भौतिक पूर्वाधार कार्यक्रम | ६ | ६ | १६१६ | १६१६ | | |
| १ | नगर सरसफाई, संस्थागत विकास कार्यक्रम | ४ | ४ | १२७६ | १२७६ | | |
| २ | सामुदायिक भवन | १ | १ | २९० | २९० | | |
| ३ | पिकनिक स्पोर्ट सर्भेक्षण | १ | १ | ५० | ५० | | |

| **क्र सं** | **कार्यक्रमको नाम** | **योजना संख्या** | **सम्मन्न संख्या** | **विनियोजन रकम** | **खर्च रकम** | **भौतिक प्रगति** | **वित्तिय प्रगति** |
|---|---|---|---|---|---|---|---|
| ख | प्रबर्द्‌धनात्मक कार्यक्रम | ७ | ४ | १०७७ | ७५७ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | नगरापालिका सरसफाई तथा संस्थागत विकास कार्यक्रम | २ | २ | ४६२ | ४६२ | | |
| २ | मन्दिर मर्मत | १ | १ | ९५ | ९५ | | |
| ३ | खुलामञ्च मर्मत | १ | १ | २०० | २०० | | |

| क्र सं | कार्यक्रमको नाम | योजना संख्या | सम्मन्न संख्या | विनियोजन रकम | खर्च रकम | भौतिक प्रगति | वितिय प्रगति |
|---|---|---|---|---|---|---|---|
| ग | विपन्न महिला लक्षित कार्यक्रम | ४ | ४ | ४१४ | ४१४ | | |
| १ | महिला शसक्तिकरण तथा एकल, विपन्न महिला सहयोग कार्यक्रम | ३ | ३ | ३१४ | ३१४ | | |

| क्र सं | कार्यक्रमको नाम | योजना संख्या | सम्मन्न संख्या | विनियोजन रकम | खर्च रकम | भौतिक प्रगति | वित्तिय प्रगति |
|---|---|---|---|---|---|---|---|
| २ | किश्वरी शसक्तिकरण कार्यक्रम | १ | १ | १०० | १०० | | |
| घ | विपन्न बालबालिका कार्यक्रम | २ | २ | ४१५ | ४१५ | | |
| १ | विपन्न बालबालिका शिक्षा सहयोग कार्यक्रम | १ | १ | २२५ | २२५ | | |
| २ | दलित अल्पशंख्यक बालबालिका सहयोग कार्यक्रम | १ | १ | १९० | १९० | | |
| | अन्य विपन्न वर्ग | ४ | ३ | ६२२ | ४२२ | | |
| १ | अपाङ्ग सहयोग कार्यक्रम | १ | १ | १५० | १५० | | |
| २ | दैबिप्रकोप तथा राहात | १ | १ | १२२ | १२२ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | विपन्न एकल महिला सहयोग कार्यक्रम | १ | १ | १५० | १५० | | |
| च | चालु खर्च | | | | | | |
| १ | कर्मचारी तलव भत्ता | १ | १ | ७५० | ७५० | | |
| २ | कार्यालय व्वस्थापन खर्च | १ | १ | २८१ | २८१ | | |
| ३ | फर्निचर खरिद | १ | १ | १०० | १०० | | |
| ४ | कार्यक्रम व्यवस्थापनखर्च | १ | १ | २५० | २५० | | |

सामाजिक सुरक्षा सम्बन्धि

| **क्र.स.** | **विवरण** | **निकासा प्राप्त** | **खर्च रकम** | **फिर्ता रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता | १६३०१ | १६१९८ | १०२ | |

| बालमैत्री स्थानीय शासन कार्यक्रम | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | विवरण | निकासा प्राप्त | खर्च रकम | फिर्ता रकम | कैफियत |
| १ | | ५९९ | ३८१ | २१८ | |
| स्थानीय शान्ति समिति | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कार्यक्रम खर्च | ३६.५ | ३६.५ | | |

जिल्ला विकास समितिबाट अनुदान

| क्र.स. | विवरण | निकासा प्राप्त | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| १ | निर्वाचन क्षेत्र विकास कार्यक्रम/राजश्व बाँडफाँड | १४८३ | १४८३ | |
| २ | सामुदायिक मेमिलाप कार्यक्रम | ५० | ५० | जिम्मेवारी सरेको |
| ३ | झो.पु मर्मत | ४२ | ४२ | जिम्मेवारी सरेको |

**सुधारका लागि चाल्नु पर्ने कदमहरु**

- आबधिक नगर बिकास योजना तयार गर्नु पर्ने ।
- नगरपालिकाको पाश्व चित्र (Profile ) तयार गर्नु पर्ने ।
- नगरपालिकाको बार्षिक कार्ययोजना तयार गर्नु पर्ने ।
- नगरपालिका सवै बडाहरु समेटिने गरी चक्रपथको अबधारणाको बिकास हुनु पर्ने ।
- सदरमुकाम क्षेत्रमा खानेपानीको ब्यबस्थापन गर्नु पर्ने ।
- सदमुकामको सिचाई कुलो ब्यबस्थित गर्नु पर्ने
- घरबाहाल कर र अन्य करहरु असुली गर्न योजना बनाउनु पर्ने र असुलि गर्नु पर्ने नीति तयार गर्नु पर्ने ।
- भौतिक पूर्वाधारका योजनाहरु निर्माण  गर्दा वातावरणिय पक्षलाई ध्यान दिनु पर्ने
- लक्षित समुदायलाई बिनियोजन गर्न पर्ने रकम १०,१०र १५ प्रतिशत भन्दा बढी बिनियोजन गर्नु पर्ने ।
- सार्वजनिक सुनुवाई संचालन गर्दा कार्यबिधि अनुरुप संचालन गर्नु पर्ने ।
- सार्वजनिक परिक्षण गर्दा कार्यबिधि अनुरुप गर्नु पर्ने ।
- सामाजिक परिक्षणलाई निरन्तरता दिनु पर्ने।
- नगरपालिकाका  संचालित योजनाहरुको निरन्तर अनुगमन हुनु पर्ने ।
- उपभोक्ता समितिमा अनुगमन तथा सहजिकरण समिति गठन गर्नु पर्ने ,
- अनुगमन समितिबाट दिएको प्रतिबेदन नगरपालिकाको  बैठका छलफल गरी दिएका सुझावहरु कार्यान्वयन गर्नु पर्ने ।
- मौखिक रुपमा आएका गुनासो लिखित रुपमा दत्ता गर्नु पर्ने।

- नगरपालिकाले ५ लाख भन्दा बढीका आयोजनाहरुको नाम, लागत अनुमान, सम्झौता मिति सम्पन्न हुने मिति लाभान्वित जनसंख्या योजना स्थलमा सर्वसाधारणले देख्ने गरी राख्नु पर्ने

**सुचना प्रशारण र प्रचार प्रसार**

जयपृथ्वी नगरपालिका सामाजिक परीक्षण कार्यक्रम आयोजना/सञ्चालन गर्नका लागि मिति, समय र स्थानको टुंगो लगाएर जयपृथ्वी नगरपालिका कार्यक्रममा सहभागिताका लागि नगर क्षेत्रका सम्पुर्ण सरोकारवाला निकाय र पक्षलाई पत्राचार गरिएको थियो । यसका साथै कार्यक्रममा सहभागिताका लागि स्थानीय एफएम रेडियो र पत्रिकामार्फत सुचना प्रशारण र प्रकाशन गरिएको थियो ।

**सामाजिक परीक्षण कार्यक्रम सञ्चालन**

मिति २०७३ कार्तिक २५ गते नगरपालिकाको सभाहलमा जिविस बझाङ आ.व. २०७२/७३ को सामाजिक परीक्षण कार्यक्रम आयोजना गरिएको थियो । बझाङ जयपृथ्वी नगरपालिकाका कार्यकारी अधिकृत अध्यक्षतामा संचालन भएको थियो ।सामाजिक परीक्षण कार्यक्रममा जिल्लामा क्रियासिल राजनीतिक दलका प्रतिनिधिहरु, विषयगत निकाय/कार्यालयका प्रमुखहरु, सामाजिक/पेशागत/नागरिक समाजका प्रमुखहरु, वडा नागरिक मञ्च/नागरिक सचेतना केन्द्रका प्रतिनिधिहरु, उपभोक्ता समितिका पदाधिकारीहरु स्थानीय एफ.एम.का प्रतिनिधहरु लगायत सरोकारवालाहरुको सहभागिता रहेको थियो ।

**सामाजिक परीक्षण कार्यक्रम सञ्चालन प्रक्रिया**

- अध्यक्षता ग्रहण तथा कार्यक्रम शुरु भएको घोषणा भएको थियो ,
- कार्यक्रमको उद्देश्य माथि प्रकाश पारेको ,
- सार्वजनिक सेवा प्रवाहबारे संक्षिप्त जानकारी दिएको
- आचार संहिताबारे जानकारी गराएको
- बृहत छलफलकार्यक्रममा प्रतिबेदन प्रस्तुत
- बृहत छलफलकार्यक्रममा प्रतिबेदनमाथि छलफल
- सहभागीहरुबाट तोकिएको बिषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन भएको
- नगरपालिकाका कार्यकारी अधिकृत जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पारेको
- स्पष्टता पछि थप जिज्ञासा र सुझावको आह्वान गरेको
- सम्बन्धित पदाधिकारीबाट थप जिज्ञासामा स्पष्टता ल्याउने प्रयास गरेको ,
- समापन मन्तव्य, धन्यवाद ज्ञापन र कार्यक्रम विसर्जन भएको

**सामाजिक परिक्षण सम्बन्धि छलफलका बिषयबस्तु**

- स्थानीय निकायले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव
- स्थानीय निकायले गरेका विकास योजनाहरूमा जनसहभागिताको स्थिति
- स्थानीय निकायले समयमा सेवा सुविधा दिन सेवा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू
- स्थानीय निकायको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता
- वालवालिका, महिला, दलित, जनजाति ,गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता

- स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर

सार्बजनिक कार्यक्रममा प्रतिक्रिया तथा सुझाव

| क्र.स. | सुझाव कर्ताको नाम | सुझावको क्षेत्र | प्रतिकृया तथा सुझावको सार संक्षेप | कैफियत |
|---|---|---|---|---|
| १ | कबि बिष्ट | नगर पालिका | आबधिक नगर बिकास योजना छिटो तयार गर्नु पर्ने<br>नगरपालिकाको पाश्व चित्र (Profile ) तयार गर्नु पर्ने । | |
| २ | धन ब. दौल्याल | लक्षित समुदाय | लक्षित समुदायको बजेट १०,१० र १५ प्रतिशत भन्दा बढी बिनियोजन गर्नु पर्ने | |
| ३ | कुम्ब राज जोशी | कृषि | नगरपालिकाले पकेट क्षेत्रको बिकास गरी कार्यक्रम लागू गर्नु पर्ने | |
| ४ | लाल ब. खडका | जेष्ठ नागरिक | साईपाल जेष्ठ नागरिक भवनमा नगरपालिकाले बजेट बिनियोजन गर्नु पर्ने । | |
| ५ | प्रेम ब. सिंह | खनेपानी | सदुमुकाम भित्र खानेपानीका पाइपहरु ब्यबस्थित गर्नु पर्ने | |
| ६ | बसन्ता देबी कामी | लक्षित समुदाय | महिला लक्षित कार्यक्रमहरु यस नगरपालिकाबाट आगामी परिषदमा बृद्धी गर्नु पर्ने । | |

सार्बजनिक कार्यक्रममा उठाइएका सबाल माथि नगरपालिका प्रमुख तथा प्रतिनिधिको जबाफ

- लक्षित वर्गको बजेट सदुपयोग हुने ।
- आगामी दिनमा आवश्यकता पहिचान गरी योजना तथा कार्यक्रम सञ्चालन हुने ।
- वडा नागरिक मंचका संयोजकहरुको क्षमता बिकास गर्न नगरपालिकाले कार्यक्रम बनाएर तालिम संचालन गर्ने
- उपभोक्ता समिति कार्यबिधि अनुरुप गठन हुने ।
- योजना अनुगमन प्रभावकारी गराइने ।

**समस्याहरु**

- नगरपालिका घोषणा भएको समय धेरै नभएकोले भौतिक पूर्वाधारको अभाब हुनु
- उपभोक्ता समितिले प्राबिधिको सल्लाह भन्दा आफु अनुकुल काम गर्नु ।
- कमचारीको अभाव हुन ।
- कार्यालय प्रमुखको बर्षभरी फेरबदल हुनु ।

- नियमिति अनुगमनमा कमी हुनु ।
- योजना छनोट देखी कार्यान्वय सम्म बिबाद हुनु ।

पभाव

- नगरपालिका क्षेत्र भित्र सडक संजाल विस्तार भएकोले यातायातमा सहजता भएको ।
- सामाजिक सुरक्षा भत्ताको रकमले जेष्ठ नागरिक तथा एकल महिला र दलितका बालबालिका लाई जीवन निर्बाहमा सहज भएको।
- नगरपालिका मार्फत संचालन हुने योजनाहरुबाट नागरिकहरुले कामको ज्यालाबाट जीवन निर्बाहमा सहजता आएको
- नगरपालिका मार्फत संचालित लक्षित समुदायको क्षमताको बिकास भएर सचेतनाको बृद्धि भएको ।
- भौतिक निर्माण तथा सडक बिस्तार गर्दा वातावरण बिनास भएको ।
- आधुनिक औजारहरुको प्रयोगले दैनिक ज्यालादारी गर्ने नागरिकले काम काम पाएको ।
- बिकास निर्माणका कार्य गर्दा बाढी पहिरोले बन जंगल बिनास भई खेती योग्य जमिनमा क्षति पुगेको ।
- सार्बजनिक शौचालयको निर्माण तथा नगर क्षेत्र खुलादिशामुक्त घोषणा भएकोले सेती नदी र बाउली खोलाको वातावरण स्वच्छ भएको ।

. **निस्कर्ष :**

जयपृथ्वी नगरपालिका लाई नागरिक एवं सेवाग्राहीप्रति उत्तरदायी, पारदर्शी तथा जवाफदेही बनाउने र नागरिकलाई सचेतिकरण गर्ने सन्दर्भमा सामाजिक परीक्षण गर्ने कार्यक्रम प्रभावकारी देखिएको छ । खासगरी, एक वर्षको अवधिमा प्रवाह गरिएका सेवा तथा कार्य सम्पादनबाट परेको आर्थिक–सामाजिक प्रभावको विश्लेषण गरी लेखाजोखा गरिएको छ ।

नागरिक एवं सेवाग्राहीको सक्रियतामा नगरपालिकाका कामकारवाहीहरुमा भएका समस्याहरुलाई हल गर्दै भावी दिनमा जयपृथ्वी नगरपालिका सेवाप्रवाहमा थप सुधार ल्याउन सकिन्छ । नागरिकको सबैभन्दा नजिकको र सबैभन्दा महत्वपूर्ण निकाय जयपृथ्वी नगरपालिका प्रति चासो देखाइनु, नगरपालिकाका कामकारवाहीमा सहभागि हुनु र नगरपालिकाको सेवाप्रवाहमा रचनात्मक सुझाव दिनुले एकातिर नागरिक सचेतिकरणको अवस्था दर्शाउछ भने अर्कोतर्फ जयपृथ्वी नगरपालिको भूमिकालाई प्रष्ट्याउँछ । सामाजिक परीक्षण कार्यक्रमको निरन्तरताले नगरपालिकाको सेवाप्रवाहमा नागरिक सरोकार अझै बढ्नेछ । यसबाट जयपृथ्वी नगरपालिको गरिमा, भूमिका र सेवाप्रवाहमा अभिवृद्धि भई समग्र नगरको आर्थिक, सामाजिक ,भौतिक विकासमा योगदान पुग्नेछ ।

**स्थानीय निकायको तर्फबाट**

नाम : प्रज्वल घिमिरे

कार्यालय : जयपृथ्वी नगरपालिका

पद:कार्यकारी अधिकृत

हस्ताक्षर :

मिति: २०७३।०७।३० गते

**सामाजिक परिक्षकको तर्फबाट**

नाम : बिरेन्द्र बहादुर खडका

पद : सामाजिक परिक्षक

हस्ताक्षर :

मिति: २०७३।०७।३० गते